「कोदोमो तबुङ्का क्योऊसेऊ सेन्टर（वालबालिका विभित संकृति मेलमिलाप मञ्च）」
शैक्षिक जानकारी लिने ठाऊ ।

— धेरै आऊने प्रश्न हरु—

【स्कुल भर्ना आदी बारे】

Q 1 ह्योगो अञ्चलको सरकारी प्राथमिक स्कुल（निमाबी स्कुल）मा भर्ना हुने・बिचको समयमा भर्नाहुन चाहानु हुन्छ？के गर्दा राम्रो होला？

A आफु बसेको नगरपालीकाको शैक्षिक कमिटी बोर्डको, स्कुल जानकारी बिभागमा सल्लाहा गर्न गई, संम्बन्धित कागज पत्रहरु तयार गर्नुस ।

Q 2 ह्योगो अंञ्चलको सरकारी माध्यामिक बिध्यालयमा भर्नाहुन चाहानु हुन्छ？के गर्दा राम्रो होला？

A प्रत्येक वर्षा, 3 को महिनामा हुने, स्कुल प्रवेश परिक्षा दिनु पर्ने हुन्छ ।
साथै, सरकारी माध्यामिक बिध्यालय आनुसार, बिदेशी बिध्यार्थीको लागी बिशेष चयन कोटा（भर्ना प्रवेश कोटा）लाई समावेश गरि 2 को महिनामा सिफारिस प्रवेश परिक्षा गरिने छ । सरकारी माध्यामिक बिध्यालयको भर्ना हुने कुरा संग सम्बन्धित जानकारी, ह्योगो अंञ्चल शिक्षा बोर्डको होमपेज（homepage）मा लेखेको बिष्तृत जानकारी हेर्नु होला ।

Q 3 ह्योगो अंञ्चलको सरकारी माध्यामिक बिध्यालयमा, स्कुल सुचारु भई सकेको अवस्थामा भर्नाहुन चाहानु हुन्छ？के गर्दा राम्रो होला？

A आफु बसेको ठाऊँ बाट छिर्न मिल्ने एरियामा स्कुल सुरु भई सकेको अवस्थामा, भर्ना हुन माध्यामिक बिध्यालय, 1 ओटा छान्नुहोस、र त्यस स्कुलमा सम्पर्क गरि बुझ्नुहोस ।

ईच्छाईएको माध्यामिक बिध्यालयपको प्रिन्सिपलले स्कुल सुचारु भई सके पनि, भर्ना हुदा हुन्छ भनिएको आवस्थामा, सिफारिस प्रवेश परिक्षा दिनु पर्ने हुन्छ । साथै सुचारु भई सकेको स्कुल छिर्ने परिक्षा दिने दिन, बिषय, भित्रि जानकारी आदीको, बिष्तृत कुरा प्रत्यक माध्यामिक बिध्यालय अनुसार फरक फरक हुने भएकोले, सम्बन्धित स्कुलमा बुझि पक्का गर्नु होला ।

Q 4 ह्योगो अंञ्चल निर्मित, आशिया ईन्टरनेशनल माध्यामिक बिध्यालय वा ह्योगो अंञ्चल निर्मित, आशिया ईन्टरनेशनल ऊच्च माध्यामिक बिध्यालयमा भर्ना हुन・स्कुल सुचारु भई सकेको अवस्थामा भर्ना हुनको लागी, के गर्दा राम्रो होला?

A ह्योगो अंञ्चल निर्मित, आशिया ईन्टरनेशनल माध्यामिक बिध्यालयको प्रवेश परिक्षा प्रत्यक वर्ष 2 महिनामा, मौखिक र लिखित परिक्षा हुनेछ । यस स्कुल, छिर्नको लागी बिभिन्न नियम र अवस्थाहरु छन । आशिया ईन्टरनेशनल माध्यामिक बिध्यालयको होमपेज（homepage）मा लेखेको कुरा हेरि बुझ्नु वा（पक्का गर्नु）होला । ह्योगो अंञ्चल निर्मित, आशिया ईन्टरनेशनल ऊच्च माध्यामिक बिध्यालयको भर्ना प्रत्यक वर्ष 2 महिनामा सिफारिस प्रवेश परिक्षा लिई गरिने छ। बिष्तृत जानकारी ह्योगो अंञ्चल निर्मित, आशिया ईन्टरनेशनल ऊच्च माध्यामिक बिध्यालयको होमपेज（homepage）मा हेर्नुहोला । स्कुल सुचारु भई सकेको अवस्थामा, भर्ना हुने बारे , संबन्धित स्कुलमा बुझ्नु होला होला।

Q５　अंञ्चलका ऊच्च माध्यामिक बिध्यालयहरुमा बिदेशी बिध्यार्थीहरुको लागी बिषेश भर्ना प्रवेश चयन कोटा （भर्ना कोटा） ब्यवस्था गरिएको छ ?

A　हो、 यो ब्यवस्था गरिएको छ । मिति 2020 सालको भर्नामा, ह्योगो अंञ्चल निर्मित , कोबे कोउहोकु ऊच्च माध्यामिक बिध्यालय, ह्योगो अंञ्चल निर्मित, आशिया ऊच्च माध्यामिक बिध्यालय, ह्योगो अंञ्चल निर्मित, ईतामी किता ऊच्च माध्यामिक बिध्यालय, ह्योगो अंञ्चल निर्मित, काकोगावा मिनामी ऊच्च माध्यामिक बिध्यालय, अंञ्चल निर्मित, कोउदेरा ऊच्च माध्यामिक बिध्यालय गरि 5 ओटा स्कुलमा, माथी ऊल्लेखित आनुसार 3 जनाको कोटा ब्यवस्थापन गरेको थियो।

भर्ना संग सम्बन्धित जानकारीको लागी, ह्योगो अंञ्चल शिक्षा बोर्डको होमपेज (homepage)मा लेखेको बिष्तृत जानकारी हेर्नु होला ।

Q６　आफ्नो देशमा （नेपाल） भएको आधारभुत शिक्षाको समय, जापानको भन्दा छोटो थियो । त्यसैले ऊच्च माध्यामिक बिध्यालय भर्ना हुन सकिन्छ ?

A　आफ्नो देश अनुसार, स्कुलको शिक्षा ９ वर्षको पाठ्यक्रम पुरा गरेको ब्यक्ति हरुले मात्रै परिक्षा दिने सकिने कुरा छ । समय अवधी छोटो भएको अवस्थामा निमाबी शिक्षा पास गरेको ब्यक्तिहरु संग, शैक्षिक लेवल बराबर वा त्यो भन्दा बढी चेकजाँच प्रमानित गरि, परिक्षा दिन सकिनेछ । बिष्तृत जानकारीको लागी, ह्योगो प्रिफेक्चर शिक्षा सचिवालय, ऊच्च शिक्षा बिभागमा सम्पर्क गर्नु होला । （सम्पर्क नं : 078-362-9444）

## 【「वालबालिका विभित संकृति मेलमिलाप सहयोगी」बारे】

Q７　ह्योगो अंञ्चलको स्कुलहरुमा मातृभाषा अनुसारको सहयोग प्राप्त गर्न सकिन्छ ?

A　ह्योगो अंञ्चलमा, सुरुमा जापान आएका हरुलाई, स्कुल जिवन बारे, मातृभाषाले सहयोग गर्नको लागि, मातृभाषा बोल्न सक्ने「वालबालिका बिभित संस्कृति सहयोगी」लाई स्कुलमा पठाऊदै छौं । यसरी पठाऊने विशेष नियमहरु छन । बिस्तृत जानकारीको लागी वालबालिका विभित संकृति मेलमिलाप मञ्चको होमपेज （homepage） मा भएको वालबालिका बहुसांस्कृतिक समर्थक, भन्ने ठाऊँमा हेर्नुहोस्। साथै、 अपिल फारम हाल तपाई पढ्दै गरेको स्कुलले भर्ने काम गर्नु हुनेछ ।

Q８　「वालबालिका बिभित संस्कृति सहयोगी」ले, कस्तो प्रकारको कुराहरु बुझाऊनु हुन्छ ?

A　वालबालिका बिभित संस्कृति सहयोगीले, वालबालिकाको दैनिक स्कुल जिवानमा, बानी पार्ने बारे, मातृभाषा （आफ्नो देशको भाषा） प्रयोग गरेर, पढाऊने कुरामा सहयोग गर्ने, मानसिक अस्थिरता हुन नदिन सहयोग गर्ने आदि कुराहरु गर्नेछन ।

Q９　「वालबालिका बिभित संस्कृति सहयोगी ( सपोटर )」बन्न के गर्दा राम्रो होला ?

A　नयाँ सहयोगी (सपोटर) आवस्यक भएको अवस्थामा, सहयोगी (सपोटर)को नयाँ परिक्षा गराईनेछ। नयाँ परिक्षा गराईने अवस्थामा, वालबालिका विभित संकृति मेलमिलाप मञ्चको होमपेज （homepage） आदि बाट सुचना दिईने छ ।

Q10　「वालबालिका बिभित संस्कृति भोलन्टियर」 बन्न के गर्दा राम्रो होला ?

A　वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा, सधै यस प्रकारको फारम भर्न खुल्ला गरिएको छ। वालबालिका विभित संकृति मेलमिलाप मञ्चको homepage मा भएको भोलन्टियर साईड भन्ने ठाऊँमा भएको भर्ती फारम डाउन लोड गरि, भरेर वालबालिका विभित संकृति मेलमिलाप मञ्च मा पठाऊनु होला।

## 【वालबालिका विभित संकृति मेलमिलाप मञ्च बारे】

Q11　वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा, कस्तो प्रकारको कुराहरुको सल्लाह लिन सकिन्छ?

A　वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा, बिदेशी वालबालिकाहरु आदीको स्कुल शिक्षा, ऊच्च शिक्षा मार्ग दर्शन, जापानी भाषा मार्ग, पढेर, सिकेर जाने मार्ग आदी संग सम्बन्धित शैक्षिक सल्लाहा गराऊनेछौं।

सर्बप्रथम सम्पर्क गर्नु होला ।

Q12　वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा, सल्लाहा लिने, कस्तो कस्तो प्रबृधीहरु छन ?

A　गएर,सल्लाहा गर्ने बाहेक, फोन: （0797-35-4537 र ＦＡＸ: （0797-35-4538）

mail （mc-center@hyogo-c.ed.jp） ,web conference system प्रयोग गर्दा, online मा सल्लाहा गर्नेछौं।

साथै、गएर सल्लाहा गर्ने बाहेक र online मा सल्लाहा गर्ने बेलामा अघि नै रिजर्ब वा पक्का गर्नुहोला।

Q13　वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा सल्लाहा लिन आऊने बेलामा ऊल्था(ट्रान्सलेसन)को माग गर्न सकिन्छ ?

A　सकिन्छ । यदि अग्रिम रुपमा माग फारम वा जानकारी दिनु भएमा ।

Q14　वालबालिका विभित संकृति मेलमिलाप मञ्चको जानकारी मुलक कागजात, जो कसैले पनि लिन सकिन्छ ?

A　सकिन्छ । विशेषता, सबै जनालाई दिईन्छ । बिस्तृत जानकारीको लागी वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा सम्पर्क राख्नु होला ।

Q15　वालबालिका विभित संकृति मेलमिलाप मञ्च शनिबार・आईतबार खुल्लै रहन्छ ?

A　शनिबार・आईतबार・सरकारी बिदाको दिन बन्द रहने छन ।

खुल्ला रहने समय: नियमित(बिदा बाहेकका)को दिन 9 बजे बाट17बजे सम्म रहने छ ।

## 【त्यस बाहेक】

Q16　जापानी भाषा नजान्ने भएकोले, कक्षाको बारेमा, बुझ्न सकिदैन कि भन्ने चिन्ता छ ।

A　ह्योगो अंञ्चलमा, जापान आए पछि 1 वर्ष भरि、「वालबालिका बिभित संस्कृति सहयोगी（सपोटर）」लाई

स्कुलमा पठाई, मातृभाषा द्दरा, पढाई वा स्कुलको ब्याबहारिक बानी पार्नको लागी सहयोग गरिने छ । (यो फारम स्कुलबाट बुझाईनेछ ।) जापानको स्कुलमा पढ्नको लागि जापानी भाषा महत्वपुर्न भएकोले बिस्तारै बिस्तरै सिकेर अघि बढौं । वालबालिका विभित संकृति मेलमिलाप मञ्चमा जापानी भाषा पठन पाठनको लागी शैक्षिक सामाग्री, किताब आदी, सापाटी लिने दिने पनि गरिन्छ । साथै (सार्वजानिक जनचासो समुह) ह्योगो अन्तराष्ट्रिय मेलमिलाप संघको homepage मा प्रत्येक एरियाको जापानिज कक्षाहरु बारे, जानकारी गराईएको,जापानी भाषा कक्षामा , जापानी भाषा पढ्न सकिन्छ । अल्मलिएको कुराहरु भएमा एक्लै टोलाएर नबसी आफ्नो कक्षाको टिचर, बिषयको टिचरहरु संग सल्लाहा गर्नु होला ।

Q17 जापानी भाषा काहाँ पढाई हुन्छ ?

A (सार्वजानिक जनचासो समुह ) ह्योगो अन्तराष्ट्रिय मेलमिलाप संघ को होमपेज (homepage) मा प्रत्यक एरियाको जापानिज कक्षाहरु बारे, जानकारी गराईएको छ ।